# श्री जिल्ला प्रशासन कार्यालय, सुनसरी

## सवारी साधन लिलाम बिक्री सम्बन्धी सूचना

पहिलो पटक प्रकाशित मिति २०८१/११/०५ गते

सुनसरी जिल्ला अदालतमा विभिन्न मुद्दाहरुमा दशीको रुपमा प्राप्त भई जफत भएमा कसूरजन्य सवारी साधनहरु थान-१२ (बाह्र) लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति वा फर्महरुवाट यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र वोलपत्र फारम खरिद गरी कार्यालय समयमा पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

### लिलाम विक्रि हुने सवारी साधनको विवरण

| सि.नं. | सवारी साधनको नाम | मेकर/मोडेल | उत्पादन बर्ष | लिलाम बिक्री गर्ने न्युनतम मूल्य रु. | कैफियत |
|---|---|---|---|---|---|
| क | दर्ता हुने सवारी साधन | | | | |
| १ | टेम्पो | Bajaj,RE | २०१७ | ९२२७५ | दर्ता हुने |
| २ | कार | Tata,Tiago,XM | २०१७ | ५०३३१७ | दर्ता हुने |
| ३ | टेम्पो | Bajaj,RE | २०१८ | ११८२९० | दर्ता हुने |
| ४ | मोटरसाइकल | Bajaj,pulser.220cc | २०१५ | ५५००० | दर्ता हुने |
| ५ | मोटरसाइकल | Honda,CB shine,125cc | २०१८ | ४७०७१ | दर्ता हुने |
| ६ | मोटरसाइकल | Honda,CB Hornet,160R | २०१८ | ७९५७३ | दर्ता हुने |
| ख | कवाडी सवारी साधन | | | | |
| १ | कार | maruti.796cc | खुल्न नसकेको | २७००० | कवाडी |
| २ | कार | maruti.796cc | २००० | २७००० | कवाडी |
| ३ | मोटरसाइकल | Bajaj,pulser 150cc | २०१४ | ४९५० | कवाडी |
| ४ | मोटरसाइकल | Honda | २०१० | २९२५ | कवाडी |
| ५ | मोटरसाइकल | TVS,apache,RTR,160 | खुल्न नसकेको | ४७२५ | कवाडी |
| ६ | मोटरसाइकल | Hero glamour,125cc | खुल्न नसकेको | ३८२५ | कवाडी |
| | क+ख जम्मा | | | ९६५९५१ | |

शर्तहरुः

१. **वोलपत्र दस्तुरः** वोलपत्र दस्तुर रु. १०००/- (एक हजार) हुनेछ । इच्छुक वोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म कार्यालय समयमा जिल्ला प्रशासन कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. मा रहेको राजश्व खाता नं १०००१००२०००१०००० मा कार्यालयको कोड नं ३१४९२१४०३, राजश्व शिर्षक नं १४२१२ (फिर्ता नहुने गरी) मा रु.१०००।- (एक हजार) दाखिला गरेको सक्कल भौचर, अध्यावधिक फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र व्यक्तिको हकमा निवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश

लोकमान श्रेष्ठ
सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

गरी यस कार्यालयको आर्थिक प्रशासन शाखा (कोठा नं. ४) बाट वोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. **वोलपत्र खरिद गर्ने अन्तिम मितिः** यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) औं दिनको कार्यालय समयभित्र ।

३. **वोलपत्र दर्ता गर्ने अन्तिम मिति र समयः** यो सूचना प्रकासित भएको मितिले २२ औं दिनको मध्यान्न १२.०० वजे सम्म जिल्ला प्रशासन कार्यालयको आर्थिक प्रशासन फाँट ।

४. वोलपत्र खोलिने समय मिति र स्थानः यो सूचना प्रकाशन भएको मितिले २२ औं दिनको अपरान्ह २.०० बजे जिल्ला प्रशासन कार्यालय सुनसरी । सो दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट सोही समयमा खोलिनेछ । वोलपत्रदाता उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

५. धरौटी रकमः कबोल अंकको २० प्रतिशतले हुने नगदै धरौटी यस कार्यालयमा रहेको राष्ट्रिय वाणिज्य बैंकको खाता नं. २२२०१००१०२०३०००० कार्यालयको कोड ३१४९२१४०३ मा दाखिला गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नु पर्ने छ ।

६. ईच्छुक फर्म/कम्पनी/व्यक्तिले लिलाम हुने मालसामानहरु हेर्न चाहेमा कार्यालय समयमा दिउसो २.०० बजे देखि ५.०० बजे सम्म सुनसरी जिल्ला अदालतको तहसिल शाखामा सम्पर्क गरि हेर्न सकिनेछ । बोलपत्र क (दर्ता हुने) र ख (कवाडी) मध्ये कुनै एक वा दुवैमा तथा दर्ता हुनेको हकमा छुट्टाछुट्टै बोलपत्र समेत पेश गर्न सकिनेछ ।

७. वोलपत्र दाखिला गर्दा सिलबन्दी खाममा वोलपत्रदाताले नामथर ठेगाना सम्पर्क नं. समेत खुलाई पेश गर्नु पर्ने छ । रित नपुगेको वा म्याद नाघि आएको तथा न्यूनतम मूल्य भन्दा घटी अंकित भएको वा शर्तसहितको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८. कवोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ तथा कवोल अंकमा १३% भ्याट लाग्ने छ ।

९. वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०. वोलपत्रदाताले वोलपत्र स्वीकृत भएको जानकारी पाएको मितिले १५ दिन भित्रमा कवेल अंक रकम Vat सहित रा.वा.वैंक सिंहदरवार शाखामा कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरवारको नाममा रहेको विविध खाता नं.१९६०१००१०२०६०००० मा जम्मा गरेको सक्कल भौचर पेश गरि लिलाम सकार गरेको सम्पूर्ण सामान (साधन) उठाई लैजानू पर्नेछ ।

११. पुनः दर्ता नहुने (कवडी) सवारीहरु टुक्रा टुक्रा पारी लानु पर्नेछ ।

१२. लिलाम भएका सवारीहरु दर्ता/नामसारी सम्वन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

१३. यस सूचनामा उल्लेख नभएका अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

लोकमान श्रेष्ठ
सहायक प्रमुख जिल्ला अधिकारी